ASIAN Life Insurance Company

# एशियन लाईफ इन्स्योरेन्स कं. लि.

पो.ब.नं. २५९४३, एशियन लाईफ भवन, मैतिदेवी, काठमाण्डौ फोन नं.: ४४३०२७०,४४१०११५ फ्याक्स नं.: ४४४२१३८
कम्पनीको रजिष्टर्ड कार्यालयः वडा नं. ७, मेनरोड, बीरगंज, पर्सा
Email:asianlife@asianlife.com.np, Website:www.asianlife.com.np

**को**

# शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७६/३/१**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७६/३/८**

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. को हकप्रद शेयरहरु मिति २०७५/१२/२५ गतेका दिन देखि २०७६/१/२९ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ को प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७६ साल असार ८ गते भित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं तथा शाखा कार्यालयहरुः लालदरबार काठमाडौं, लगनखेल ललितपुर, चिप्लेढुङ्गा पोखरा, ट्राफिकचोक बुटवल, आदर्शनगर वीरगंज र गोल्छाचोक विराटनगर । |
| २. | नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको शाखा कार्यालयहरुः नारायणगढ, हेटौंडा, बिर्तामोड, जनकपुर, तुल्सीपुर दाङ, सुर्खेत, नेपालगन्ज र धनगढी । |
| ३. | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड, हरिशंकर रोड, बागलुङ । |

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

| | | |
|---|---|---|
| **(क) संस्थापक समूह तर्फको शेयर** | : | **२,४२०.७० कित्ता** |
| **(ख) सर्वसाधारण समूह तर्फका शेयर** | : | **२,१८,९३९.०३ कित्ता** |
| **जम्मा** | : | **२,२१,३५९.७३ कित्ता** |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।
४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा संस्थापक समूहतर्फको लागि न्यूनतम १,००० कित्ता र सर्वसाधारण समूहतर्फको लागि न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलब (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन ।
५. शिलबन्दी खाम बाहिर सर्वसाधारणतर्फको शेयरको लागि आवेदन गर्दा "**एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.को सर्वसाधारण शेयर खरीद आवेदन**" तथा संस्थापकतर्फको शेयरको लागि आवेदन गर्दा "**एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.को संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
६. संस्थापक समूहको शेयर खरिद गर्नका लागि लिलाम बिक्री खुल्ला रहेको मितिसम्म कायम संस्थापक शेयरधनीहरु मात्र योग्य हुनेछन् ।
७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम एनआईबिएल एस क्यापिटल लिमिटेडको नाममा कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाडौंमा रहेको खाता नं. **००१०००६५७७०००००४** मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा **"NIBL Ace Capital Limited"** को नाममा जारी गरिएको **Good for Payment Cheque** संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
८. सर्वसाधारण समूहको शेयरमा सबै भन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरु मध्येको कम बोलकवोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।
९. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account no.) आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । बोलपत्रवालाले एक भन्दा बढी बोलपत्र पेश गर्न पाइने छैन ।
११. बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।
१२. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।
१४. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।
१५. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंको सूचना पाटी तथा वेवसाइटः www.niblcapital.com मा हेर्न सक्नु हुनेछ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**बिक्री प्रबन्धकः**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**

मिति २०७६/२/२४ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।
मिति २०७६/२/२४ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने ।